सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल

# कार्यकारी निर्देशकको छनौट समितिको सचिवालयको पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९।०९।०१

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक ब्यक्तिहरूबाट यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र दरखास्त आह्वान गरिएको छ। सूचना लगायतको बिस्तृत जानकारी http://ocmcm.sudurpashchim.gov.np मा समेत राखिएको छ ।

१. योग्यता तथा अनुभवः

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट मानविकी, व्यवस्थापन, कानुन संकायमा स्नातकोत्तर उपाधि प्राप्त गरी कम्तीमा दश वर्ष अनुभव भएको वा

(ग) विद्यावारिधि उपाधि प्राप्त गरी कम्तीमा अनुसन्धान वा प्रशिक्षण वा व्यवस्थापनको क्षेत्रमा पाँच वर्ष अनुभव भएको,

(घ) पैंतीस वर्ष उमेर पूरा भएको ।

२. दरखास्त पेश गर्ने प्रक्रियाः

(क) दरखास्तसाथ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलाली, नेपालको website: http://ocmcm.sudurpashchim.gov.np मा राखिएको सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान नियमावली, २०७९ को नियम १० बमोजिमको कागजात तथा विवरण पेश गर्नु पर्नेछ।

(ख) दरखास्त पेश गर्दा खण्ड (क) मा उल्लिखित कागजात तथा विवरणका अतिरिक्त दुई प्रति पासपोर्ट साइजको फोटो खामबन्दी गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलाली, नेपालको प्रशासन महाशाखामा पेश गर्नु पर्नेछ। खामबन्दी प्रस्तावको खाम बाहिर "सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकको पदका लागि पेश गरेको आवेदन तथा व्यावसायिक कार्ययोजना" उल्लेख भएको हुनु पर्नेछ।

३. व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणः संक्षिप्त सूचीमा परेका उम्मेद्वारले आफूले पेश गरेको व्यावसायिक कार्ययोजना नियम १६ को उपनियम (२) बमोजिमको मिति र समयमा प्रस्तुतीकरण गर्नु पर्नेछ।

४. दस्तुरः दरखास्त दस्तुर वापत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलाली, नेपालको कार्यालय कोड नं. ३०१००७७०१७, राजस्व खाता नं. १०००१००२०००१०००० तथा राजस्व शीर्षक १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय बाणिज्य बैङ्क, धनगढी शाखामा रू. पाँचहजार मात्र बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

५. पारिश्रमिक तथा सुविधाः कार्यकारी निर्देशकको पारिश्रमिक तथा सुविधा सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान नियमावली, २०७९ को नियम ७ बमोजिम हुनेछ ।

६. पदावधिः सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७ को दफा १३ को उपदफा (५) बमोजिम कार्यकारी निर्देशकको पदावधि पाँच वर्षको हुनेछ।

७. अन्य विवरणः

(क) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त कार्यकारी निर्देशकको छनौट समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ।

(ख) दरखास्त साथ झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

(ग) थप जानकारीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलालीको प्रशासन महाशाखा वा टेलिफोन नं. ०९१-५२७२३२ मा सम्पर्क गर्न सकिनेछ।